**बैठकका कार्यसूची :**

१) वडा विकास कार्यक्रम संचालन कार्यविधिको स्वीकृती ।
२) संगठन संरचना तथा दरबन्दी स्वीकृती एवं कार्यविवरणका सम्बन्धमा ।
३) जिल्ला ट्राफिक कार्यालयलाइ जग्गा उपयोग गर्ने अनुमति प्रदान गर्ने सम्बन्धमा ।
४) विषयगत समितिका निर्णयको समर्थन गर्ने सम्बन्धमा ।
५) घ बर्गको ईजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।
६) फुटकर कार्यमा भएको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।
७) सडक मर्मत सम्भार गर्ने सम्बन्धमा ।
८) Municipal Co-ordination Committee को पुन गठन गर्ने सम्बन्धमा ।
९) नवीनतम साझेदारी कोष कार्यान्वयन समिति पुन गठन गर्ने सम्बन्धमा ।
१०) परीक्षा संचालन खर्च व्यवस्थापन सम्बन्धमा ।
११) खेलकुदका लागि रकम सहयोग गर्ने सम्बन्धमा ।

**निर्णय नं १ :**

विधायन समितिबाट पेश हुन आएको वडा विकास कार्यक्रम संचालन कार्यविधि २०७५ दोश्रो संसोधन २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं २ :**

विगतको नगर सभाबाट स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७८ मा पुनरावलोकन गर्न यस नगरपालिका मार्फत यस पुर्व आग्रह गरीए अनुसार परामर्शदाता, स्कोलर नेपाल प्रा लि बाट संगठन संरचना पुनरावलोकन, २०७९ सम्पन्न गरी प्रतिवेदन पेश हुन आएकोमा उक्त प्रतिवेदन समेतको आधारमा देहाय बमोजिम शाखागत संगठन संरचना र दरबन्दी थप घट गरी स्वीकृत गर्ने र सो ही बमोजिम शाखागत दरबन्दीमा कर्मचारी व्यवस्थापन गरी कार्य विवरण समेत प्रदान गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो । साथै संलग्न स्वीकृत संगठन संरचना तथा दरबन्दी बमोजिम कार्यरत कर्मचारीहरु कानून बमोजिम एक तह माथी पदोन्नती भएमा त्यसरी पदोन्नती पछी हुने पद तथा दरवन्दी स्वत: कायम हुने र निजले साविक बमोजिमको कामकाज गर्न कुनै बाधा नपर्ने गरी पदोन्नती भएको कर्मचारीको पदनाम पदोन्नती भएकै पदको कायम हुनेगरी कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

# शाखागत सङ्गठन संरचना (पाना १)

## प्रमुख प्रशासकीय अधिकृत

- **कर्मचारी प्रशासन शाखा**
  - अधिकृतस्तर सातौं/ आठौं तह प्र.- १
  - सहायक पाचौं तह - १
  - क. अ. पाँचौं तह वि. -१
  - सहायक चौथो तह प्र. -२
  - ह.स.चा.श्रेणीविहीन -४
  - कार्यालय सहयोगी श्रेणीविहीन - ९
  - **सूचना तथा प्रविधि विकास उपशाखा**
    - सूचना प्रविधि अधिकृत छैठौं तह वि-१
    - सुचना प्रविधि सहायक, पाचौं तह वि-१
  - **खरीद तथा सम्पत्ति व्यवस्थापन उपशाखा**
    - सहायक पाँचौ तह प्र.- १
    - सहायक चौथो तह प्र.- १
  - **वडा कार्यालयहरु १४ (४९)**
    - अधिकृत छैठौं तह प्र.- ४
    - सहायक पाँचौ तह प्र. - १०
    - सब इ पाँचौप्र. - ७
    - स.क.अ./ सहायक चौथो तह- १४
    - कार्यालय सहयोगी -१४
  - **पंजीकरण तथा सामाजिक सुरक्षा एकाई**
    - क.अ./सहायक पाँचौ तह -१
  - **नगर सुरक्षा एकाइ**
    - सहायक नगरप्रहरी निरिक्षक चौथोतह -१
    - नगर प्रहरी जवान- ४
  - **नागरिक सहायता तथा दर्ता चलानी एकाइ**
    - सहायक पाचौं तह प्र. - १
    - सहायक स्तर चौथो – १
- **योजना, अनुगमन तथा मूल्यांकन शाखा**
  - अधिकृतस्तर सातौं/ आठौं तह प्र. -१
  - सहायक पाँचौ तह प्र. - २
  - **बजार अनुगमन, गुणस्तर, नापतौल र उपभोक्ता संरक्षण एकाइ**
    - सहायक पाँचौ तह प्र. - १
  - **विभिन्न आयोजना तथा कार्यक्रमहरु**
- **शिक्षा युवा तथा खेलकुद शाखा**
  - अधिकृत नवौं /दसौं तह शिक्षा- १
  - अधिकृत छैठौं तह शिक्षा प्र. - १
  - पाँचौ शिक्षा प्र- १
  - **महिला, बालबालिका तथा जेष्ठ नागरिक उपशाखा**
    - सामाजिक विकास अधिकृत छैठौं तह - १
    - सहायक पाचौं - १
- **स्वास्थ्य सेवा शाखा**
  - अधिकृत सातौं/आठौं स्वा. -१
  - ज.स्वा.नी / सी.अ हे व छैठौं तह- १
  - पहेनर्स छैठौं तह - १
  - **स्वास्थ्य चौकी**
    - हेअ/सी.अ.हे.व पाँचौं/छैठौं तह -११
    - अहेव चौथो तह-२२
    - अनमि चौथो तह -२२
    - ल्याब असिस्टेन्ट तह -२
    - कार्यालय सहयोगी- ११
  - **आधारभूत स्वास्थ्य सेवा केन्द्र**
    - अहेव चौथो तह - ९
    - कार्यालय सहयोगी - ९
    - (आधारभूत स्वास्थ्य केन्द्र संचालनको लागि आवश्यकता अनुसार स्वास्थ्य चौकीबाट जनशक्ति व्यवस्थापन गर्न सकिने ।)
- **आर्थिक विकास शाखा**
  - अधिकृत सातौं/आठौं तह प्र.- १
  - **उद्योग तथा पर्यटन उप-शाखा**
    - सहायक पाँचौ तह प्रशासन - १
    - उद्यम विकास सहजकर्ता – लेभल २/३ -१
  - **वडा विकास कार्यक्रम**
    - पाचौं/छैठौं प्र. - १
    - सहायक चौथो -१
    - वडा विकास सहजकर्ता - १५
  - **भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण एकाइ**
    - पाँचौं/ छैठौं तह प्रशासन - १

# पुतलीबजार नगरपालिका
## शाखागत सङ्गठन संरचना (पाना २)

**प्रमुख प्रशासकीय अधिकृत**

**पूर्वाधार विकास शाखा**
ईन्जीनियर सिभिल सातौं/ आठौं तह प्रा - १

- **शहरी पूर्वाधार विकास उपशाखा**
  सिभिल ईन्जीनियर छैठौ प्रा.-२
  सव ईन्जीनियर सि. पाँचौ प्रा. -२
- **भवन तथा नक्शापास उपशाखा**
  आर्किटेक्ट छैठौं प्रा. - १
  सव इन्जिनियर पाचौ तह प्रा.-१
  अमीन चौथो तह प्रा.- १
  सकायकस्तर चौथो प्रसासन - १

**आर्थिक प्रशासन शाखा**
अधिकृत सातौं/आठौं तह लेखा - १
लेखा पाचौं/ छैठौं - १
लेखा चौथो - १

- **राजस्व उपशाखा**
  अधिकृत छैठौ प्र.-१
  सहायक पाचौ प्र. - १
  सहायक चौथो प्र.-१

**वन वातावरण तथा विपद् व्यवस्थापन शाखा**
वातावरण संरक्षण अधिकृत छैठौ वि - १
सहयाक पाचौं - १
हे.स.चा. दमकल/जेसिभि - ३
फायरफाइटर -२

- **नगर सरसफाइ केन्द्र**
  सरसफाइ सुपरभाइजर चौथो तह प्र. -१
  सरसफाई कर्मी :- १७
  हेभी सवारी चालक - १
  हलुका सवारी चालक - १
  ~~सरसफाइ सहयोगी~~

**कृषि शाखा**
अधिकृत छैठौं कृषि प्रा. - १
प्रा .स.पाँचौतह कृ. - २
ना.प्रा .स.चौथौ कृ - १

**पशुपंक्षी शाखा**
अधिकृत छैठौं (पशु) -१
प्रा .स.पाँचौ तह भेट- २
ना .स.प्रा.चौथो तह भेट-२

**आन्तरिक लेखापरीक्षण शाखा**
आलेप अधिकृत स्तर -१
सहाय स्तर लेखा -१

**कानून शाखा**
कानून अधिकृत छैठौं तह- १

तालिका- २

प्रस्तावित पदनाम, पदसङ्ख्या, सेवा/ समूह (शाखा/उपशाखा/ एकाइगत)

| पद नाम | तह | सेवा/ समूह | सङ्ख्या | शाखा/ उपशाखा/ एकाइ |
|---|---|---|---|---|
| *प्रमुख प्रशासकीय अधिकृत* | | | *१* | *दरबन्दी संख्यामा गणना नगरिएको* |
| स्थानीय शिक्षा अधिकारी | नवौं/दशौं | शिक्षा | १ | शिक्षा तथा सामाजिक विकास शाखा |
| **जम्मा** | | | **१** | |
| प्रशासन प्रमुख | सातौं/ आठौं | प्रशासन | २ | प्रशासन तथा जनशक्ति विकास शाखा, योजना शाखा, आर्थिक विकास शाखा |
| पूर्वाधार विकास प्रमुख | सातौं/ आठौं | सि इन्जियनिरिङ | १ | पूर्वाधार विकास शाखा |
| स्वास्थ्यसेवा प्रमुख | सातौं/ आठौं | जनस्वास्थ्य | १ | स्वास्थ्य सेवा शाखा |
| लेखा प्रमुख | सातौं/ आठौं | लेखा | २ | आर्थिक प्रशासन शाखा |
| **जम्मा** | | | **६** | |
| कृषि विकास अधिकृत | छैठौं | कृषि | १ | कृषि विकास शाखा |
| पशुविकास अधिकृत | छैठौं | लापोडेडे | १ | पशुविकास शाखा |
| शिक्षा प्रशासन अधिकृत | छैठौं | शिक्षा | १ | शिक्षा शाखा |
| जनस्वास्थ्य अधिकृत | छैठौं | जनस्वास्थ्य | १ | स्वास्थ्य सेवा शाखा |
| पब्लिक हेल्थ नर्स | छैठौं | जनस्वास्थ्य | १ | स्वास्थ्य सेवा शाखा |
| सूचना प्रविधि अधिकृत | छैठौं | सूचना प्रविधि | १ | सूचना तथा प्रविधि विकास उपशाखा |
| कानून अधिकृत | छैठौं | कानून | १ | कानून शाखा |
| सिभिल इन्जिनियर | छैठौं | सि इन्जियनिरिङ | २ | शहरी पूर्वाधार विकास उपशाखा |
| आर्किटेक्ट | छैठौं | आर्किटेक्चर | १ | भवन तथा नक्शापास उपशाखा |
| राजस्व अधिकृत | छैठौं | प्रशासन | १ | राजस्व उपशाखा |
| आलेप अधिकृत | छैठौं | लेप | १ | आलेप शाखा |
| वातावरण संरक्षण अधिकृत | छैठौं | विविध | १ | बन, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| सामाजिक विकास अधिकृत | छैठौं | विविध | १ | महिला, बालबालिका तथा जेष्ठ नागरिक उपशाखा |
| **जम्मा** | | | **१४** | |
| प्रशासन सहायक | पाँचौ/ छैठौं | | ३ | भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण एकाइ, आर्थिक प्र शाखा, वडा विकास कार्यक्रम |
| **जम्मा** | | | **३** | |
| प्रशासन सहायक | पाँचौ | प्रशासन | ९ | प्रशासन, योजना २, खरिद , उद्योग, राजस्व, बन वातावरण, नागरिक सहायता कक्ष |
| शिक्षा सहायक | पाँचौ | शिक्षा | १ | शिक्षा, युवा खेलकुद शाखा |
| सव ईन्जीनियर | पाँचौ | इन्जिनियरिङ | २ | शहरी पूर्वाधार विकास उपशाखा |
| सव ईन्जीनियर | पाँचौ | इन्जिनियरिङ | १ | भवन तथा नक्शापास उपशाखा |
| लेखा परीक्षण सहायक | पाँचौ | लेखा परिक्षण | १ | आन्तरिक लेखा परीक्षण शाखा |
| प्राविधिक सहायक | पाँचौ | कृषि | २ | कृषि विकास शाखा |
| प्राविधिक सहायक | पाँचौ | भेट | २ | पशु विकास शाखा |
| कम्प्युटर अपरेटर | पाँचौ | विविध | १ | प्रशासन शाखा |
| कम्प्युटर अपरेटर | पाँचौ | विविध | १ | पंजीकरण एकाइ |

| | | | | |
|---|---|---|---|---|
| सूचना प्रविधि सहायक | पाँचौ | विविध | १ | सूचना तथा प्रविधि विकास उपशाखा |
| सहायक | पाचौं | विविध | १ | महिला, बालबालिका तथा जेष्ठ नागरिक उपशाखा |
| **जम्मा** | | | २१ | |
| प्रशासन सहायक | चौथो | प्रशासन | ६ | प्रशासन २ खरिद, वडा विकास, राजस्व, भवन, दर्ता |
| लेखा सहायक | चौथो | लेखा | १ | आर्थिक प्रशासन शाखा |
| अमीन | चौथो | इन्जिनियरिङ | १ | भवन तथा नक्शापास उपशाखा |
| प्राविधिक सहायक | चौथो | कृषि | १ | कृषि विकास उपशाखा |
| प्राविधिक सहायक | चौथो | लाइभस्टक | २ | पशुविकास उपशाखा |
| वडा विकास सहजकर्ता | चौथो | विविध | १५ | वडा विकास कार्यक्रम |
| सरसफाइ सुपरभाइजर | चौथो | प्रशासन | १ | नगर सरसफाइकेन्द्र |
| नगरप्रहरी सहायक निरिक्षक | चौथो | विविध | १ | नगर सुरक्षा एकाइ |
| उद्यम विकास सहजकर्ता | चौथो | | १ | |
| **जम्मा** | | | ३१ | |
| **सहयोगीस्तर** | | | | |
| हेभी सवारी चालक | | | ४ | बन वातावरण, नगर सरसफाइ केन्द्र |
| हलुका सवारी चालक | | | ५ | प्रशासन शाखा ४ सरसफाइ केन्द्र १ |
| कार्यालय सहयोगी | | | ९ | प्रशासन शाखा |
| फायरफाइटर | | | २ | बन, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| नगरप्रहरी जवान | | | ४ | नगर सुरक्षा एकाइ |
| सरसफाइ सहयोगी | | | १७ | नगर सरसफाइ केन्द्र |
| **जम्मा** | | | **४१** | |
| **वडा कार्यालय** | | | | |
| वडा सचिव | छैठौ | प्रशासन | ४ | |
| वडा सचिव | पाँचौ | प्रशासन | १० | |
| सव ईन्जिनियर | पाँचौं | ईन्जी/सिभिल | ७ | |
| सहायक कम्प्युटर अपरेटर | चौथो | विविध | १४ | |
| कार्यालय सहयोगी | | | १४ | |
| **जम्मा** | | | **४९** | |
| **स्वास्थय तर्फ** | | | | |
| हे अ | पाँचौ /छैठौं | | ११ | |
| अहेव | चौथौ | | ३१ | |
| अनमि | चौथो | | २२ | |
| ल्याव सहायक | चौथो | | २ | |
| कार्यालय सहयोगी | | | २० | |
| **जम्मा** | | | **८६** | |
| **कुल जम्मा** | | | **२५२** | |

**निर्णय नं ३ :**

जिल्ला प्रहरी कार्यालय स्याङ्जाको च.नं. २२९३ मिति २०७९/०३/०२ को जग्गा उपलब्ध गराइदिने सम्बन्धी पत्रबाट माग भई आए बमोजिम पुतलीबजार नगरपालिका वडा नं १ विष्णु पधेरा स्थित पत्रमा उल्लेखित कित्ता नं का जग्गाहरु उपयोग गर्नका लागि यस नगरपालिकाको तर्फबाट सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ :**

बन बातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०७९/०४/२५, २०७९/०३/२३ , २०७९/०३/०५, २०७८/१२/१६ गतेको वैठकको निर्णयबाट सिफारिस भई आएको राहत वितरण सम्बन्धी कार्यविधि २०७८ को अनुसूची १ र २ बमोजिमको उल्लेखित राहत रकम स्वीकृत गर्ने निर्णय गरियो ।साथै आर्थिक र अन्य विषयगत समितिका निर्णयहरु समेत समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :**

आर योग्य कन्स्ट्रक्सन एण्ड सप्लायर्स, पुतलीबजार नगरपालिका वडा नं ५ लाई घ बर्गको निर्माण व्यवसायी ईजाजत पत्र तथा लाइसेन्स प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :**

मर्मत सम्भार कोष र स्थानीय विकास कोष बाट अत्यावश्यक कामहरुमा भएको खर्चहरु मर्मत सम्भार कोष संचलान कार्यविधि २०७८ को दफा ११ (२) र स्थानीय विकास विशेष कोष संचालन कार्यविधि २०७८ को दफा ६ (२) बमोजिम अनुमोदन गर्ने । यसरी तत्काल अतिआवश्यक कामका लागि पटके रुपमा सामाग्री वितरण लगायतका कामहरु पूर्वानुमान गरी ठेक्का प्रक्रियाबाट गर्न कठिन भएको हुँदा निर्णया एवम आदेशानुसार भएका तत्काल सम्बोधन गर्नुपर्ने कामहरुको खर्च विल बमोजिम भुक्तानी दिन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र तत्काल अत्यावश्यक सडक मर्मत फोहोर मैला व्यवस्थापन लगायतका कामहरु गर्दा भएको जे.सी. वि संचालनको इन्धन खर्च सवारी इन्धनमा विनियोजित बजेटबाट भुक्तानी दिन नपुग भएमा मर्मत सम्भार कोष र स्थानीय विकास कोषमा विनियोजित बजेटबाट नियमानुसार भुक्तानी दिन स्विकृती दिने , र तार जाली खरिद तथा व्यवस्थापनको लागि रु ५ लाख र पाईप वितरण तथा व्यवस्थापनको लागि रु १५ लाख को सीमा मा रही खर्च भुक्तानी दिन स्विकृती दिने निर्णय गरियो ।

**निर्णय नं ७ :**

यस नगरपालिका अन्तरगतका विभिन्न वडाका विभिन्न ग्रामिण सडकहरुमा वर्षायामका कारण अवरुद्ध भएका सडकहरुलाई नजिकिदै गरेको महान चाड वडा दसै तथा दिपावलीलाई समेत मध्यनजर गरी सडक सरसफाई तथा मर्मतसम्भार कार्य गर्नका लागि मर्मतसम्भार कोषबाट खर्च व्यहोरिने गरी वडागत रुपमा देहायको रकम बराबर कार्य सम्पादन गर्ने निर्णय गरियो ।

| क्र.स | वडा नं | विनियोजित रकम (रु ) | कैफियत |
|---|---|---|---|
| १ | १ | ५०००० | |
| २ | २ | १००००० | |
| ३ | ३ | १००००० | |
| ४ | ४ | १००००० | |
| ५ | ५ | ५०००० | |
| ६ | ६ | ५०००० | |
| ७ | ७ | १००००० | |
| ८ | ८ | ८०००० | |
| ९ | ९ | ५०००० | |

| | | | |
|---|---|---|---|
| १० | १० | ५०००० | |
| ११ | ११ | ५०००० | |
| १२ | १२ | १००००० | |
| १३ | १३ | १००००० | |
| १४ | १४ | १००००० | |

**निर्णय नं ८:**

शहरी विकास तथा भवन निर्माण विभाग र यस नगरपालिका विच शहरी शासकीय सुधार तथा पूर्वाधार विकास आयोजना संचालन गर्ने गरी भएको सम्झौता बमोजिम तपसिल अनुसारको नगरपालिका स्तरीय Municipal Coordination Committee (MCC) पुन गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| अध्यक्ष | - श्री तुलसीराम रेग्मी | नगर प्रमुख |
| उपाध्यक्ष | - श्री देवी अर्याल | उप प्रमुख |
| सदस्य | - श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | - श्री अर्जुन कुमार कार्की | वडा अध्यक्ष, वडा नं ५ |
| सदस्य | - श्री अनिता रुचाल | कार्यपालिका सदस्य |
| सदस्य तथा focal Person | - श्री गोविन्द दोरंगा | शहरी पूर्वाधार उप-शाखा |
| सदस्य | - श्री धन प्रसाद कोइराला | वातावरण शाखा प्रमुख |
| सदस्य | - श्री भोजराज ढकाल | आर्थिक प्रशासन शाखा |
| सदस्य | - DSST team leader | |
| सदस्य | - UDST team leader | |
| सदस्य सचिव | - श्री ताराचन्द्र ढकाल | योजना तथा अनुगामन शाखा प्रमुख |

**निर्णय नं ९:**

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि २०७९ बमोजिम, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०७९/०५/२४ गते को अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम यस कार्यालयबाट लागत साझेदारीको रकम विनियोजन गर्ने प्रतिवद्दता सहित कार्यक्रमकोलागी अवधारणा पत्र पेश गर्ने निर्णय गरियो। साथै नवप्रवर्तन साझेदारी कोष र मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यन्वयन गर्नको लागी देहाय बमोजिमको नवीनतम साझेदारी कोष कार्यान्वयन समिति निर्माण गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| अध्यक्ष | - श्री तुलसीराम रेग्मी | नगर प्रमुख |
| सदस्य | - श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | - श्री बाबुराम बराल | नगर शिक्षा अधिकारी |
| सदस्य | - श्री ताराचन्द्र ढकाल | योजना शाखा प्रमुख |
| सदस्य | - श्री भोजराज ढकाल | आर्थिक प्रशासन शाखा |
| सदस्य | - श्री अनिशा सुवेदी | स्वास्थ्य शाखा प्रमुख |
| सदस्य | - श्री गोविन्द दोरंगा | शहरी पूर्वाधार उप-शाखा प्रमुख |
| सदस्य | - श्री मुक्त बहादुर गुरुङ | सूचना प्रविधि अधिकृत |
| सदस्य | - श्री डोलराज ढकाल | वडा विकास कार्यक्रम प्रमूख |
| सदस्य सचिव तथा focal Person | - श्री धन प्रसाद कोइराला | प्रशासन शाखा प्रमुख |

**निर्णय नं १० :**

वालीङ्गमा संचालन हुने महिला राष्ट्रिय फुटबल प्रतियोगिता संचालन गर्न जिल्ला खेलकुद विकास समिति स्याङ्गजालाई रु ३ लाख सम्बन्धित शिर्षक बाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११ :**

यस नगरपालिका अन्तर्गतका अस्थायी ज्यालादारी लगायतका जनशक्तिको व्यवस्थापन गर्न परिक्षाहरु संचालन गर्दा कार्यालय समयको अतिरिक्त अन्य समयमा समेत कर्मचारी पदाधिकारी खटिनुपर्ने स्थिति रहेको र उक्त कार्य सम्पादन गर्ने कार्यमा खटिने जनशक्तिका लागि लोक सेवा आयोग खर्च व्यवस्थापन कार्यविधि (संघीय /प्रदेश स्तर ) को आधार लिई मितव्ययिता अपनाइ परीक्षा संचालन खर्च प्रदान गर्ने निर्णय गरियो ।